# सिङ्तामममा उपभोक्ता जागरुकता कार्यक्रम




**सिङतास १३ सेप्टेम्बर।** खाद्य नागरिक आपूर्ति एवं उपभोक्ता मामिला विभाग सिक्किम सरकारको लिगल मेट्रोलोजी एवं कन्जुमर प्रोटेक्शन सेलको आयोजनामा आज सिङताम कम्युनिटी हलमा उपभोक्ता जागरुकता कार्यक्रम सम्पन्न गरियो। माखा गोडाउन इन्चार्ज किरण सुब्बाद्वारा सञ्चालित तथा बिन्दु गुरुङद्वारा स्वागत जनाइएको उक्त कार्यक्रममा सिङ्ताम नगर पञ्चायत सभापति सावन कुमार प्रधान मुख्य अतिथिको रुपमा उपस्थित थिए भने पार्षद् राम नरेश प्रसाद, पार्षद् रजनी सिंह, सीपी प्रधान, सीएलसी उपसभापति कृष्ण छेत्री, सिङ्ताम बिहारी जागरण मञ्चका उपसभापति शंकर प्रसाद अनि अन्यान्य विशिष्ट अतिथिको रुपमा उपस्थित थिए। बाक्लो संख्यामा फियर प्राइज सपका मालिकहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा सबै दोकानदारहरुलाई सरकारको नियमअनुसार चल्नुपर्ने बताउँदै सबैले सरसामानहरु सुलभ मूल्यमा बेचबिखन गर्ने तथा उपभोक्ताहरुका रासीन कार्डलाई आधार कार्डसित लिङ्क गरिहाल्ने अपील गरियो। सबै व्यापारीहरुले आफ्नो दोकान सफा राख्नुको साथ साथै दोकानको स्टक रेजिस्टर अनि रेड बोर्ड सँधै अपटुडेट राख्ने पनि निर्देशन गरियो। अब आधार कार्डसित लिङ्क नभएको खण्डमा रासीन कार्ड दिन सक्ने तथा रासीन पनि उपलब्ध गराउनु नसक्ने बताउँदै आफ्नो दोकानको लाइसेन्स रिन्यू गर्ने तथा नाम सार्ने काम पनि झट्टै गरिहाल्ने सुझाउ दिइयो। यदि लाइसेन्स रिन्यू नगरेको भेटाइएको खण्डमा दोब्बर जरीमाना तिराइने बताउँदै अब लाइसेन्सहरु पनि चाँड़ै डिजिटिलाइज्ड हुने तथा अनलाइन हुने जानकारी गराइयो। २२ प्रकारका सर- सामानहरु एशियन्सिएल कमोडिटिजमा पर्ने गरेको अवगत गर्दै उपभोक्ताहरुलाई दोकानदारहरुले प्रत्येक महिनाको रासीनहरु ठीक समयमै दिनु पर्ने निर्देश दिइयो। संयुक्त निर्देशक पीडीएस पिन्छो नामग्याल भोटिया अनि एफ. आई. सिङ्ताम श्याम कुमार राई -ले उक्त विषयहरुमा दोकानदारहरुलाई सम्बोधन गर्ने क्रममा उक्त वक्तव्यहरु दिएका हुन्। विभागीय अधिकारीहरुले अब चाँड़ै नै सिङ्ताम नगर पञ्चायत, एसडीएमको सहभागितामा सिङ्तामका सबै दोकानहरुको छड्के निरीक्षण भ्रमण गरेर दोकानको स्टक रेजिस्टर, रेट बोर्ड, साफ-सफाई तथा आधार लिङ्क -बारे जायजा लिने भएका छन्। जोइन्ट कन्ट्रोलर सी. के. शर्माले उपभोक्ता जागरुकता अनि उपभोक्ता सुरक्षा ऐनबारे उपस्थित दोकानदारहरुलाई महत्त्वपूर्ण जानकारी गराउँदै कुनै पनि दोकानदारले उपभोक्ताहरुलाई नठग्ने तथा सही मूल्यमा सर- सामानहरु बिक्री गर्ने अपील गरे। उनले केही ठगिएको मुद्दाहरुमा उपभोक्ताहरुले उचित न्याय पाएका केही उद्हरणहरु पनि दिए अनि यदि दोकानदारले ठगेको खण्डमा कानूनी कार्वाहीको निम्ति केश पाइल गर्ने प्रक्रिया एंव पहलबारे के कस्ता कदम चाल्नुपर्ने हो त्यससम्बन्धि पनि अति नै महत्त्वपूर्ण विस्तृत जानकारीहरु गराए। मुख्य अतिथि सावन कुमार प्रधान अनि पार्षद् राम नरेश प्रसादले पनि उक्त कार्यक्रमलाई सम्बोधन गर्दै सिङ्ताम गोडाउनका वर्तमान इन्चार्ज श्याम कुमार राईको पहलमा धेरै अशल कार्यहरु भइरहेकोमा खुलेर प्रशंसा गरे।

## दुई आतङ्की पक्राउ

**कार्बी आङलाङ, १३ सप्टेम्बेर (हिस)।** असमको पहाड़ी जिल्ला कार्बी आङलोङको बकुलियामा सेना र पुलिसले खोजी अभियान चलाउँदै भारी मात्रामा हतियार जफत गऱ्यो। बकुलिया पुलिसले बुधबार बतायो, गुप्त सूचनाको आधारमा सुरक्षा बलहरूले हिजो दुई आतंकीलाई पक्राउ गऱ्यो। आतंकीहरूदेखि प्वाइन्ट २२ बोरको पिस्तौल, ७ जीवित कारतूस, एके-४७ राइफलको १० राउण्ड कारतूस, एक थाईल्याण्ड निर्मित पिस्तौल, धेरै सिम कार्डको साथ अन्य धेरै आपत्तिजनक दस्तावेज जफत गरिएको छ। पुलिसले दुवै आतंकीसित केरकार गरिरहेछ। तथापि, पक्रा पर्ने दुई आतंकी कुन संगठनसित जुड़ेका हुन् भन्ने थाहा लाग्न सकेको छैन। पुलिसले आतंकीहरूको अन्य सदस्यहरूलाई पक्राउ गर्नुको निम्ति आतंकीहरूको पहिचान सार्वजनिक गरिरहेछैन। पुलिस सूत्रहरूबाट प्राप्त जानकारी अनुसार, पुलिसले यी दुवैको निशानदेहीमा कार्बी आङलोङ जिल्लाका अन्य स्थानमा पनि अभियान चलाउने तयारीमा जुटेको छ।

## एक दिवसीय जागरूकता शिविर



**रम्फू, १३ सेप्टेम्बरः** रम्फू माइनिङ उच्चतर माध्यमिक पाठशालामा वर्ल्ड सुसाइड प्रिवेन्सन डेको अवसरमा आत्महत्याको रोकथामबारे एक दिवसीय जागरूकता शिविर आयोजित गरियो। पाठशाला प्राचार्य डाक्टर हन्ना योञ्जन, शिक्षकगण र विद्यार्थीहरूको उपस्थितिबीच रम्फू प्राथमिक स्वास्थ्य केन्द्रका चिकित्सा अधिकारी डाक्टर रोजेश गुरुंग सहित ब्लक प्रोग्राम अफिसर छेवाङ ग्याम्छो भोटियाले दिवसको महत्व र विभागद्वारा ठाउँ-ठाउँमा स्थापित गरिएको काउन्सिलिङ कक्षबारे जानकारी दिए। यस अवसरमा विद्यार्थी र स्रोतवक्ताहरूबीच अन्तरक्रिया पनि सम्पन्न भयो।

## प्रधानमन्त्री जनधन योजनामा खोलियो ३० करोड़ खाता: जेटली



**नयाँ दिल्ली, १३ सेप्टेम्बर (हिस)।** वित्तीय समावेशनलाई प्रधानमन्त्री जनधन योजनासित जोड्दै वित्तमन्त्री अरूण जेटलीले बुधबार भने, यस योजनाले ती परिवार ब्याङ्किङ व्यवस्थासित जुड़े जो अहिलेसम्म यसबाट धेरै टाढ़ा थिए। यसबाट देशभरिमा लगभग ३० करोड़ नयाँ खाता खुलेका छन्, जसमध्ये केवल २० प्रतिशत नै यस्ता छन्, जसमा कुनै धनराशि जमा भएको छैन। वित्त र कोरपोरेट मामिलाहरूका केन्द्रिय मन्त्री अरूण जेटलीले बुधबार भारतमा संयुक्त राष्ट्रद्वारा आय़ोजित वित्तीय समावेशन सम्मेलनमा वक्तव्य दिइऱहेका थिए। वित्तमन्त्रीले भने, जब हामीले प्रधानमन्त्री जनधन योजना शुरू गऱ्यौं तब सबैले यो आम सरकारी योजना हो भन्ने सोचेका थिए। हामीले जब यसलाई मिशन मोडमा शुरू गऱ्यो, तब ४२ प्रतिशत परिवार ब्याङ्किङ व्यवस्थादेखि बाहिर रहेको पायौं। केही मानिसहरूसित मात्र ब्याङ्किङ व्यवस्था थियो। शून्य शेष खाताहरूमा उनले भने, यस्ता खाताहरूको संख्यामा ह्रास आएको छ र यो ७७ प्रतिशतदेखि घटेर २० प्रतिशत आएको छ। आउने समयमा जब सरकारी योजनाहरूको लाभ सीधा खाताहरूमा जानेछ, तब यो संख्या अझ् घट्नेछ। आधारको पक्षमा उनले भने, आधार एक विकसित हुँदै गएको विचार हो र संविधानको मान्यता प्राप्त गर्नेछ। सर्वोच्च न्यायालयले संविधानको अनुच्छेद २१ को प्रावधानहरू अनुसार केही प्रतिबन्धहरूमा प्रकाश हालेको थियो, जबकि यो ठूलो राष्ट्रिय हितमा छ, सामाजिक लाभ र अपराधको पहिचान आधार खाताहरूको माध्यमले हासिल गर्न सकिन्छ।

## विश्वको सतत विकासमा बढ्दो जनसंख्या बाधक- नकवी

नयाँ दिल्ली, १३ सेप्टेम्बर (हिस)। केन्द्रिय अल्पसंख्यक कार्य मन्त्री मुख्तार अब्बास नकवीले बढ्दो जनसंक्यालाई भारत मात्र होइन तर पूरा विश्वको सतत विकासको मार्गमा सबैभन्दा ठूलो बाधक बताएका छन्। यहाँ 'भारतीय संसदीय संस्थान-जनसंख्या एवं विकास' द्वारा जनसंख्या एवं विकासको मुद्दाहरूमा आयोजित दुई दिवसीय सम्मेलनमा विभिन्न देशहरूका सांसद एवं सामाजिक क्षेत्रका अन्य हस्तीहरूलाई सम्बोधित गर्दै मुख्तार अब्बास नकवीले भने, बढ्दो जनसंख्याले विकास, रोजगार, स्वास्थ्यसित सम्बन्धित धेरै समस्याहरूलाई जन्म दिइरहेछ। उनले सम्मेलनमा उपस्थित सांसदहरू एवं अन्य प्रमुख व्यक्तिहरूसित आह्वान गर्दै जनसंख्या नियन्त्रणको निम्ति व्यापक जागरूकता अभियान चलाउनमा जोड दिए। बुधबारदेखि शुरू भएको दुई-दिवसीय सम्मेलनमा भारत बाहेक बाङ्गलादेश, भोटान, क्यामरून, केन्या, लाइबेरिया, मलावी, तन्जानिया, जाम्बिया, मलेशिया, नेपाल, तजाकिस्तान, जापान, संयुक्त अरब अमीरात, किर्गिस्तान, तूर्की एवं जोर्डनका सांसद एवं सामाजिक क्षेत्रका अन्य हस्तिहरूले भाग लिइऱहेछन्। नकवीले भने, भारतमा दुनियाको 'मेडिकल टूरिजम हब' बन्ने सबै सम्भावनाहरू छ र केन्द्रको मोदी सरकारले यस दिशामा धेरै महत्वपूर्ण कदम उठाएको छ, जसमा मेडिकल सुविधाहरूलाई गरीब, कमोजर वर्गहरूसम्म सजिलै पुऱ्याउनु सामेल छ। केन्द्र सरकारले यस्ता धेरै कमद उठाएको छ, जसले राम्रो स्वास्थ्य सेवाहरूलाई सस्तो-सुलभ बनाउनु, आम आदमीको पहुँच बढ़ाउनमा मदद गरेको छ। केन्द्रिय अल्पसंख्यक कार्य मन्त्रीले भने, केन्द्र सरकारले मेडिकल व्यवस्थालाई दह्रिलो बनाउनुको निम्ति प्राथमिकताको आधारमा विभिन्न कदम उठाईरहेछ, जसमा स्वास्थ्य सेवाहरूको निम्ति अरबौं रूपियाँको बजट पनि सामेल छ। सबै मानिसहरूलाई हृदयसित सम्बन्धित वहनीय, गुणवत्तापरक स्वास्थ्य देखभाल सेवा प्रदान गर्ने प्रधानमन्त्री नरेन्द्र मोदीको सपनालाई साकार गर्ने दिशामा भारत सरकारले कोरोनरी स्टेन्टको अधिकतम मूल्य निर्धारित गर्ने सम्बन्धी अधिसूचना १३ फरवरी २०१७ मा जारी गरेको छ। यस कदमले कोरोनरी स्टेन्टको दरमा लगभग ३८० प्रतिशतको कमी हुनेछ। यसबाहेक देशभरिमा 'जन औषधि केन्द्र' खोलिएका छन् जहाँ सस्तो दरहरूमा आवश्यक दवाईहरू उपलब्ध गराइँदैछ। उनले केन्द्र सरकारको विभिन्न योजनाहरूबारे जानकारी पनि दिए। उनले बताए, केन्द्र सरकारको हरेक कल्याणकारी योजना गरीब, कमजोर वर्ग, अल्पसंख्यक, महिलाहरूलाई ध्यानमा राखेर बनाइएको छ। मेक इन इण्डिया, स्किल इण्डिया, स्टयाण्ड अप इण्डिया, स्टार्ट अप इण्डियाको माध्यमले ७.५ करोड़भन्दा अधिक युवालाई रोजगार एवं रोजगारको अवसर उपलब्ध गराइएको छ।

## कार्यकारिणी बोलाएर चुनाउ आयोगमा पुन: पक्ष राख्नेछौं- शरद यादव

**नयाँ दिल्ली, १३ सेप्टेम्बर (हिस)।** जेडीयूका बागी नेता शरद यादव हालैका दिनमा पार्टीको तर्फबाट जवाबी कारबाहीमा फंसिरहेको नजर आईऱहेछन्। जहाँ उनले राज्यसभाको सदस्यता जाने नोटिस पाएपछि अहिलेसम्म जवाफ दिन पाएका छैनन्, त्यही चुनाउ आयोगले जेडीयू चुनाउ चिन्ह (तीर)मा शरद यादव गुटको दाबी खारेज गरेको छ। यही सिलसिलामा शरद यादवले बुधबार संवाददाता सम्मेलनमा भने, राज्यसभाको सदस्यता जाने चिन्ता छैन। पहाड़सित ठोकिएपछि चोट लाग्ने अनुमान अगावै थियो। राज्यसभाको सदस्यताको नोटिस प्राप्त भयो। मेरा उकीलले जवाफ दिनेछन्। चुनाउ आय़ोगको तर्फबाट मंगलबार जेडीयू चुनाउ चिन्ह (तीर)मा शरद यादव गुटको दाबी खारेज गरिएपछि शरद यादवले भने, यदि चुनाउ आयोगले केवल एमपी र एमएललाई नै पार्टी मान्छ भने यो अर्कै कुरा हो तर देशभऱिका प्रदेश अध्यक्ष र पार्टी कार्यकर्ता मेरो पक्षमा छन्। उनले हिन्दुस्थान समाचारसित कुराकानीमा भने, १७ सेप्टेम्बरको दिन हामीले दिल्लीको मावलङ्कर हलमा राष्ट्रिय कार्यकारिणी बोलाएका छौं र ०८ अक्टोबरमा राष्ट्रिय परिषद। यसमा १६ राज्यका प्रदेश अध्यक्ष आउनेछन् जो हाम्रो पक्षमा छन्। यसैको आधारमा हामी चुनाउ आय़ोगमा आफ्नो पक्ष राख्नेछौं। एक पल्ट खारेज गरे पुनः आफ्नो पक्ष चुनाउ आयोगमा राख्नेछौं। १४ सेप्टेम्बरमा जयपुरमा साझा विरासत बचाओ सम्मेलन बोलाएका छौं, जसमा सबै प्रमुख विपक्षी दलका नेताहरूले भाग लिनेछन्। कांग्रेसको तर्फबाट सम्मेलनमा आनन्द शर्मा, सचिन पायलट र अशोक गहलोत पनि सामेल हुनेछन्। देशका समग्र संस्कृतिलाई बचाउनुको निम्ति यस्ता सम्मेलन आय़ोजित गरिन्दैछ, जसमा विपक्षी नेताहरू बाहेक बुद्धिजीवी, अल्पसंख्यक, किसान, दलित, आदिवासीहरूले पनि भारी संख्यामा भाग लिइऱहेछन्। जेडीयू प्रमुख र बिहारका मुख्यमन्त्री नीतीश कुमारमाथि हमला गर्दै शरद यादवले भने, महागठबन्धन गराउनुको निम्ति नीतीश कुमार धेरै पल्ट लालू यादवको घर गएका थिए, तर लालू यादव तयार भईरहेका थिएनन्। लालू नीतीशलाई साथ लिनुको निम्ति तयार थिएनन् तर उनको दबावमा लालूले महागठबन्धनको निम्ति स्वीकृति दिएका थिए। नीतीश कुमारले बिहारको जनताबाट प्राप्त जनादेशको साथ धोखा गरेका छन्। मेरा मित्र (नीतीश) पथभ्रष्ट भएका छन्। जनादेश महागठबन्धनको पक्षमा थियो, तर नीतीश भाजपाको साथ गए।

## रोहिङ्ग्या मुसलमानहरूप्रति सहानुभूतिपूर्ण व्यवहार अपनाउनुपर्छः मायावती

**लखनऊ, १३ सेप्टेम्बर (हिस)।** बहुजन समाज पार्टी (बसपा)की राष्ट्रिय अध्यक्ष मायावतीले छिमेकी राष्ट्र म्यान्मारमा अशान्ति र हिंसाको कारण भारतमा शरणार्थी बनेर शरण लिने रोहिङ्ग्या मुसलमान परिवारहरूप्रति संवेदना र सहानुभूति व्यक्त गरेकी छन्। उनले भारत सरकारसित यिनीहरूप्रति मानवताको नाताले कठोर रबैया होइन औं राज्यहरूलाई यसको निम्ति बाध्य बनाउनु हुँदैन भनी माग गरेकी छन्।



मायावतीले बिहीबार आफ्नो बयानमा भनिन्, म्यान्मारको सीमावर्ती राज्यमा अशान्तिको कारण लाखौं रोहिङ्ग्या मुसलमानहरूले बाङ्गलादेशमा शरण लिएका छन् तथा हजारौं रोहिङ्ग्या मुसलमानले भारतका विभिन्न राज्यहरूमा पनि शरणार्थी बनी बसिरहेछन्। यिनीहरूप्रति प्रधानमन्त्री नरेन्द्र मोदी सरकारको रबैया पूर्ण रूपमा स्पष्ट नभएको कारण अन्योलको स्थिति बनेको छ। यसको सम्बन्धमा सर्वोच्च न्यायालयले पनि केन्द्र सरकारलाई आफ्नो पक्ष स्पष्ट गर्नलाई भनेको छ। बसपा सुप्रीमोले भनिन्, यस्ता परिस्थितिहरूमा कोर्टको कारबाही आफ्नो ठाउँ छ तर भारत सरकारले यी शरणार्थीहरूप्रति मानवीय दृष्टिकोरण अपनाएर व्यवहार गर्नुपर्छ, जस्तो भारतको परम्परा रहिआएको छ। यसको साथै म्यान्मार र बाङ्गलादेशी सरकारसित वार्ता गरी रोहिङ्ग्या मुसलमानहरूको मामिलालाई सुल्झाउने प्रयास गर्नुपर्छ ताकि उनीहरूको पलायन आफ्नो देशमा पनि रोकियोस्।

## अवैध घुसपैठ मामिलामा १३ बांलादेशी पक्राउ

**बागदा, १३ सेप्टेम्बर (हिस)।** एक पल्ट फेरि भारतको सीमा क्षेत्रमा अवैध घुसपैठ मामिलामा बीएसएफले बाङ्गलादेशीहरूलाई पक्राउ गरेको मामिलामा प्रकाशमा आएको छ। मंगलबार साँझ बीएसएफका जवानहरूले बनगाउँ सीमावर्ती क्षेत्रबाट १३ बाङ्गलादेशी युवकलाई अवैध घुसपैठको मामिलामा पक्राउ गऱ्यो। पुलिसले युवकहरूसित केरकार गरिरहेछ। बीएसएफ अनुसार, मंगलबार बनगाउँ सीमा उत्तर बयरा सीमावर्ती क्षेत्रबाट अवैध घुसपैठ गरिरहेका १३ बाङ्गलादेशी युवकलाई पक्राउ गरियो। केरकार गरेबापत उनीहरूले कुनै उचित कागजपत्र देखाउन सकेनन्। यी युवकहरूले यहाँबाट भारतका विभिन्न स्थानहरूमा जाने योजना बनाइरहेका थिए। त्यही, सोमबार राति पनि पेट्रापोल सीमावर्ती क्षेत्रबाट अवैध घुसपैठ मामिलामा पाँच बाङ्गलादेशीलाई पक्राउ गरियो।

## दाऊद इब्राहिमको ४५ हजार करोड़को सम्पत्ति जफ्त



**लन्डन, १३ सेप्टेम्बर (हिस)।** ब्रिटेन सरकारले १९९३ मुम्बई बम ब्लास्टको मास्टरमाइण्ड दाऊद इब्राहिमको ४५ हजार करोड़को सम्पत्तिलाई जफत गरेको छ, जसमा वार्विकशायरस्थित होटल र धेरै घर सामेल छन्। गत महिना मात्र ब्रिटेन कोष विभाग (टेजरी डिपार्टमेन्ट)ले एक लिस्ट जारी गरेको थियो, जसमा दाऊदको पाकिस्तानमा तीन ठेगाना र २१ फर्जी नाममा सम्पत्ति किनेको पनि उल्लेख गरेको थियो। लन्दनको प्रोपर्टीजमा सेन्ट जोन वुड रोड, होर्नचर्च, एसेक्स, रिचमोण्ड, टोम्सवुड रोड, चिगवेल, रो हेम्पटन हाई स्ट्रीट, लन्दन, लान्सलोट रोड, थार्टन रोड, स्पाइटल स्ट्रीट, डार्टफरका ठूला-ठूला रेसिडेन्सियल कम्प्लेक्स र कमर्शियल बिल्डिङहरू सामेल छन्। मीडिया रिपोर्ट अनुसार, संयुक्त अरब अमीरात (यूएई) सरकारले पनि यस वर्ष दाऊद इब्राहिमको सम्पत्ति जफत गर्न सक्छ। १९९३ को मुम्बई बम ब्लास्टको मास्टरमाइण्ड दाऊद धमाकाहरूपछि भारतबाट भागेको थियो। ती धमाकाहरूमा लगभग २६० जनाको मृत्यु भएको थियो औं ७०० भन्दा अधिक मानिस घाइते भएका थिए। दाऊदलाई लिएऱ भारतले धेरै पल्ट पाकिस्तानलाई डोजियर सुम्पिसकेको छ, जसमा दाऊदको पाकिस्तानी ठेगानाको पनि उल्लेख थियो तर पाकिस्तानले सदैव दाऊद पाकिस्तानमा नरहेको दाबी गर्दै आईरहेछ। साथै दाऊदको नाम इन्टरपोलको मोस्ट वान्टेड लिस्टमा धोखाधड़ी, आपराधिक षड़यन्त्र र एक आपराधिक गुट अपरेट गर्ने आरोपीको रूपमा सामेल छ। अमेरिकाले पनि २००३ मा दाऊदलाई वैश्विक आतंकवादी घोषित गरेको थियो।

## टेक्नोले रिटेल र आफ्टर सेल सर्विस नेटवर्कलाई अझ मजबूत गऱ्यो

**सिलगढी, १३ सेप्टेम्बरः** ट्रान्शियन होल्डिग्सले १५ प्रदेशहरूमा स्मार्टफोन्सको रेञ्ज पेश गरी भारतमा आफ्नो कदमको विस्तार गर्ने योजनाको घोषणा गऱ्यो। यसअघि अप्रेल १७ मा टेक्नो मोबाइलले ३ बजार राजस्थान, गुजरात अनि पञ्जाबमा आफ्नो 'मेड फर इण्डिया' 'i' सीरिज उत्पादक अनावरण गरे़को थियो।

स्मार्टफोन्सको टेक्नो मोबाइल i सीरिज कम्पनीको 'थिंक ग्लोबली, एक्ट लोकली' को फिलास्फीको अनुरुप हो। उत्पाद पोर्टफोलियो 'कैमरा फोकस्ड' छ जो २०० मानिसहरूको सैम्पल आउनको साथ 'इण्डियन फोटोग्राफी प्रेफरेन्स' सर्वेमा आधारित छ। टेक्नोको लक्ष्य आफ्नो पिक्सेलेक्स इमेज प्रोसेसिङ इञ्जीनको साथ नाइट फोटोग्राफीलाई पुनर्परिभाषित गर्नु हो जसले उपभोक्ताहरूलाई भारतीय स्किन टोन्सको अनुरूप तस्वीर लिने र कम रोशनी भएको स्थितिमा कालो तस्वीर लिनबाट रोक्नका लागि रोशनी ल्याउनमास सक्षम बनाउँछ।

उपभोक्ताको भरोसा बढ़ाउनका लागि सबै टेक्नो उत्पाद '१५१' को अनौठो वचनको साथ उपलब्ध छ जसले१०० दिनको रिप्लेसमेन्ट वारन्टी उपलब्ध गराउने, ५० प्रतिशत बायबैक अनि १ वर्षको वन-टाइम स्क्रीन रिप्लेसमेन्टको पेशकश गर्दछ। उपभोक्ताहरूलाई अझै खुशी बनाउनका लागि '१५१' केही नयाँ बजारहरूमा सीमित अवधिको लागि शुरुवाती निशुल्क पेशकशको साथ उपलब्ध छ।

अनीश कपूर, सीईओ (टेक्नो अनि इनफिनिक्स इण्डिया) ले योजनाबारे बताउँदै भने, लगभग ३ महिनाअघि हामीले भारतमा केवल तीन बजारमा आफ्नो उत्पाद पेश गरेका थियौ र हामीलाई अति राम्रो प्रत्युत्तर मिलेको थियो। हाम्रो लक्ष्य अन्य बजारहरूमा यस सफलतालाई दोहोऱ्याउनु हो अनि हामी अघिल्लो वर्षको अन्तसम्म भारतमा शीर्ष ५ स्मार्टफोन ब्राण्डस्मा आफ्नो स्थान बनाउन चाहन्छौ। यो सुनिश्चित गर्नको लागि हामीले आफ्नो वितरण र आफ्टर सेल्स सर्विस नेटवर्कलाई मजबूत बनाउने दिशामा काम गरिरहेछौ। हामी नोयडामा आफ्नो पहिलो कम्पनी स्वामित्व भएको सर्विस सेन्टर शुरु गरिरहेछौ भने सालको अन्तसम्म हाम्रो १४ अझै यस्तो सेन्टर खोल्ने योजना रहेको छ। कम्पनीको स्वामित्व भएको सेन्टर टेक्नो अफलाइन च्यानलको एक महत्वपूर्ण हिस्सा हुनेछ जसले उपभोक्ताहरूलाई राम्रो सेवा प्रदान गर्नेछ। अहिले 'i' सीरिज कम रोशनीमा फोटोग्राफी, बैटरी समाधान र डिजाइनमा केन्द्रित छ।

## लेनोवोद्वारा अघिल्लो जेनरेशनको विशेषतायुक्त फ्यूचर रेडी लैपटप लञ्च

**सिलगढी, १३ सेप्टेम्बरः** ग्लोबल टेक्नोलोजी प्लेयर र विश्वको अग्रणी पीसी तथा टेबलेट ब्राण्ड कम्पनी लेनोवोले सिलगढ़ीमा आफ्नो फ्युचर रेडी लैपटपको नवीनतम संग्रहको उद्घाटन गऱ्यो। यस नयाँ रेञ्जमा अति सुन्दर, आकर्षक डिवाइस जस्तै योगा ७२० एवं योगा ५२० स्टाइल अनि पर्फार्मेन्सको साथ परिवर्तनीय, आइडियापेड ५२० एवं ३२० अति पतलो र अल्का पावरहाउस, आइडियापैड ५२० एवं ३२० सम्पूर्ण मल्टीमिडाया एन्टरटेन्टमेन्ट डिवाइस तथा लेगियान वाई ७२० इन्टरनेशनल गेमिङ ब्राण्ड सामेल छ। यी नयाँ उत्पादको लञ्चबाट मेट्रो शहरहरूबाहेक अन्य स्थानहरूमा पनि उपलब्धता बनाउनको कम्पनीको रणनीतिलाई बल मिलेको छ।

लेनोवो इण्डियाको जनरल मेनेजर इस्ट, नवीन केजरीवालले यस अवसरा भने, लेनोवो उन्नत प्रौद्योगिकीको सा विभेदित तथा अभिनव उत्पाद पेश गर्नमा विश्वास राख्दछ जो हाम्रो उपभोक्ताहरूको मूल्यवान सम्पत्ति हो। आज हामी अव्यवस्था समाप्त गर्ने फ्यूचर रेडी उत्पाद लिएर आएका छौ जो पहिलो श्रेणीको दावेदार हो र यसको मूल्य पनि आकर्षक छ। बिहार हाम्रो लागि महत्वपूर्ण बजार ह र हामीले ब्राण्डको साथ सम्पूर्ण ग्राहकको अनुभव बढ़ाउनका लागि उत्पाद नवपरिवर्तन, सेवा नवपरिवर्तन जस्ता क्षेत्रहरू ईएन निवेश गरिरहेछौ।


## अन्त्येष्टि क्रिया



हाम्रो पूजनीय माता स्व. विष्णुमाया ढुङ्गेलको ७९ वर्षको उमेरमा गत ३ सेप्टेम्बर २०१७ को दिन निधन भयो। यस दुःखद घड़ीमा उपस्थित भई हामीलाई शान्त्वना दिनुहुने साथै शव यात्रामा सामेल हुनुहुने सम्पूर्ण इष्टमित्र, बन्धू बान्धव, शुभचिन्तकहरूप्रति आभार प्रकट गर्दै आगामी १५ सेप्टेम्बर २०१७ शुक्रवारको दिन निज निवास हर्राबोटे, लोवर नन्दुगाउँ पोकलोक ब्लक दक्षिण सिक्किममा सम्पन्न हुने उहाँको अन्त्येष्टि क्रियामा सबैलाई उपस्थित भई दिंवगत आत्माको चिरशान्तिको निम्ति प्रार्थना गरिदिनु हुन निवेदन गर्दछौं।

**विनीत**

**छोराहरूः चन्द्र प्रकाश ढुङ्गेल, केवल प्रसाद ढुङ्गेल, पदम प्रसाद ढुङ्गेल, नेत्र प्रसाद ढुङ्गेल, धिरेन्द्र ढुङ्गेल**
**छोरी ज्वाईंहरूः निर्मला-बालकृष्ण, कृष्ण-प्रदीप**
**एवं सम्पूर्ण ढुङ्गेल परिवार**
**सम्पर्कः 9775827057, 7972977961, 7063679611, 8016748674**

## GHEWA/ ANTHYESTHI KRIYA



With profound grief and sorrow,we regret to inform the sad demise of our beloved mother Late Mrs Manu Gurung of Pani house who left for her heavenly abode on 3rd September 2107.Her last rites will take place on 16th September 2017, (Saturday) at Gurung Gumpa, Lower Burtuk, Before Helipad

We would also like to thank everyone who stood by us during the time of bereavement.

**Mr D.K Gurung(husband)-9434213827**
**Mrs Binita Gurung (eldest daughter)-8918390407**
**Mrs Anita Gurung (daughter)-9474525114**
**Mrs Asha Gurung(daughter)-8250292278/**
**Mr Gajendra Singh Gurung(son in law)-9733351438**
**Mr D. Dadul(son in law)-9434117472.**
**Mrs Jyotshna Gurung (granddaughter)**
**Mrs Prerna Gurung (granddaughter )**
**Mr Jigmi Norbu kazi(grand son in law)**
**Mr Phuntsok T Dukpa(grand son in law)**
**Mr Wangyal Tamang (grandson)**
**Ms Tenzing Norzing (granddaughter)**
**MrTenzing Namgyal(grandson)**